# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

## पुस्तकालय प्रयोग सम्बन्धी सूचना

यस संस्थाको केन्द्रीय कार्यालयस्थित पुस्तकालय विद्यार्थीहरुको सुविधालाई ध्यानमा राखी विगत देखिनै व्यवस्थित रुपमा संचालन हुँदै आइरहेको छ । हाल विद्यार्थीहरुको अत्याधिक चापको अवस्थालाई मध्यनजर गर्दै मिति २०७९ आश्विन २ गतेदेखि लागुहुनेगरी देहाय अनुसार व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । पुस्तकालय संचालनलाई व्यवस्थित, मर्यादित तथा सकेसम्म धेरै विद्यार्थीहरुको सहभागिताको लागि सबै विद्यार्थीहरुबाट सहयोगको अपेच्छा समेत गरिएको छ ।

१. पुस्तकालय बिहान ६ बजेदेखि बेलुका ८ बजे सम्म खुल्ला रहने छ ।
२. पुस्तकालयमा पहिलो आगमन पहिलो प्रवेशको आधारमा विद्यार्थीहरुलाई पुस्तकालय सुविधाको व्यवस्था गरिएको छ ।
३. पुस्तकालयमा प्रवेश गर्दा अनिवार्यरुपमा नाम दर्ता गराएर, प्रवेश समय र बाहिर गएको समय लेख्नु पर्नेछ ।
४. पुस्तकालयमा बसेर पढ्न चाहने विद्यार्थीहरुले अनिवार्य रुपमा संस्थाबाट प्रदान गरिने पुस्तकालय कार्ड लिनुपर्नेछ र संस्थाभित्र रहँदा अनिवार्य रुपमा पुस्तकालय कार्ड लगाउनु पर्नेछ ।
५. पुस्तकालयमा बसेर पढ्ने विद्यार्थीहरुले औपचारिक पोशाक लगाउनुपर्नेछ । जस्तैः चप्पल, ट्र्याकसुट, हाफ पेन्ट आदी लगाएर पुस्तकालयमा बस्न पाइनेछैन ।
६. पुस्तकालयमा बसेर पढ्न चाहने विद्यार्थीहरुले शिफ्ट अनुसार पुस्तकालयमा बसेर अध्ययन गर्न सक्नेछन ।

| | |
|---|---|
| बिहानको शिफ्टः | ६ बजेदेखि ११.४५ बजेसम्म |
| दिउँसोको शिफ्टः | १२ बजेदेखि ३.४५ बजेसम्म |
| साँझको शिफ्टः | ४ बजेदेखि ८ बजेसम्म |

७. पुस्तकालयमा छुट्याइएको अध्ययन स्थल बाहेक अन्यत्र बसी पढ्न पाइने छैन ।
८. पुस्तकालयमा हल्ला, बाधा र अवरोध नगरी मर्यादित रुपमा शान्तिपूर्वक पढ्नु पर्नेछ ।
९. पुस्तकालयमा बसेर पढ्ने शिफ्टको समय पश्चात् पुस्तकालय खाली गर्नु पर्नेछ र पुनः उही विद्यार्थी अर्को शिफ्टमा बस्न पाउने छैनन् ।
१०. पुस्तकालयबाट बाहिर जाने बेलामा विद्यार्थीहरुले अनिवार्य रुपमा आफ्ना पुस्तक लगायतका सामान आफैसंग लैजानुपर्नेछ, पुस्तकालयमा छोड्न पाइनेछैन ।
११. समय समयमा लिखित तथा मौखिक रुपमा व्यवस्थापन तथा सम्बन्धित कर्मचारीहरुबाट जारी निर्देशनहरुको पालना गर्नुपर्नेछ ।
१२. यो नियमको पालना नगर्ने र बारम्बार लापरवाही गर्ने विद्यार्थीहरुलाई पुस्तकालय प्रयोगमा रोक लगाइने छ ।

सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post BoxNo.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np